# पूर्वाञ्चल विश्वविद्यालय
## इन्जिनियरिङ्ग संकाय
विराटनगर, नेपाल


प.सं./च.नं.: १४८-०८२।०८३

मितिः २०८२/०७/२३

श्री डाइरेक्टर/प्राचार्य/क्याम्पस तथा कलेज प्रमुखज्यू,
इञ्जिनियरिङ्ग संकाय अन्तर्गत सञ्चालित सम्पूर्ण स्कूल/कलेज/क्याम्पसहरु ।

विषय :-प्रवेश परीक्षाको आरक्षित छात्रवृत्ति तर्फको सूची प्रकाशित गरिएको सम्बन्धमा ।

पूर्वाञ्चल विश्वविद्यालय इञ्जिनियरिङ्ग संकाय अन्तर्गत सञ्चालित स्नातक तहको BE (Civil, Computer, Electronics Communication & Automation, Electrical, Geomatic, Biomedical) र B. Arch. शैक्षिक कार्यक्रमहरुको शैक्षिक सत्र ०८२/०८३ (सन् २०२५ समूह) का लागि मिति २०८२/०६/०४ गते शनिबार सम्पन्न भएको प्रवेश परीक्षाको नतिजा योग्यताक्रम सूची (Merit List) अनुसार मिति २०८२/०६/०८ गते प्रकाशित गरिएको व्यहोरा जानकारी नै छ । उक्त योग्यताक्रम सूची (Merit List) मा नाम रहेका र "पू.वि. प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२" मा व्यवस्था भए बमोजिम आरक्षित छात्रवृत्तिका लागि आवेदन दिएका उम्मेदवारहरुको नियमानुसार प्राप्त कागजातहरुको मूल्याङ्कन पश्चात आरक्षित छात्रवृत्ति तर्फको नतिजा योग्यताक्रम सूची (Merit List) प्रकाशित गरिएको छ । स्कूल/क्याम्पस/कलेजहरुले संलग्न योग्यताक्रम सूची (Merit List) अनुसार विश्वविद्यालयद्वारा तोकिएको भर्ना संख्या (कोटा) का आधारमा आरक्षित तर्फको ५ प्रतिशत छात्रवृत्ति सिटमा उत्तीर्ण भएका आवेदकहरुलाई उक्त कार्यविधिमा तोकिएको शैक्षिक मापदण्ड अनुसारका शैक्षिक योग्यताका सम्पूर्ण प्रमाणपत्र एवं कागजातहरु बुझीलिई मिति २०८२/०७/२८ गतेसम्म विद्यार्थी भर्ना गरी विद्यार्थीहरुको सम्बन्धित शैक्षिक कार्यक्रम अनुसारको विवरण खुलाई इञ्जिनियरिङ्ग संकाय डीनको कार्यालयमा मिति २०८२/०७/३० गतेभित्र अनिवार्य लिखित जानकारी गराउनु हुन यसै सुचना मार्फत सूचित गरिएको छ । विश्वविद्यालयद्वारा तोकिएको मापदण्ड पूरा नगरी विद्यार्थी भर्ना भए/गरे/गराएमा स्वयं विद्यार्थी र सम्बन्धित स्कूल/क्याम्पस/कलेजहरु जवाफदेही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**द्रष्टव्य(Note):**

१. छात्रवृत्तिमा छनौट भएमा विद्यार्थी भर्ना गर्दा "पू.वि. प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२" को परिच्छेद ३ को दफा १२ को उपदफा १२.५ अनुसार गर्नुपर्ने हुँदा, उक्त कार्यविधिको कबुलियतनामा अनिवार्यरुपमा गराउनुपर्ने छ । ( कबुलियतनामाको नमुना यसै साथ संलग्न छ ।)

२. "पू.वि.प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२" बमोजिम आरक्षित छात्रवृत्तिको सूची प्रकाशित नभएको भन्ने लागेमा र कसैको दाबी बिरोध भएमा आरक्षित छात्रवृत्ति सूची प्रकाशित भएको मितिले ७ दिन (मिति २०८२/०७/३० गते कार्यालय समय)भित्र पू.वि.इञ्जिनियरिङ्ग संकाय डीनको कार्यालयमा निवेदन दिन सकिने छ र प्रकाशित आरक्षित सूचीमा प्राप्त दाबी बिरोधमा डीन कार्यालयबाट अध्ययन र मूल्याङ्कन गर्दा नियमानुसार सच्याउनुपर्ने उचित कारण देखिएमा पूनः संशोधित आरक्षित छात्रवृत्ति सूची प्रकाशित गरिने छ अन्यथा यहि प्रकाशित सूची नै अन्तिम मानिनेछ ।

३. "पू.वि. प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२" बमोजिम आरक्षित छात्रवृत्तिको कोटा खाली हुन गएमा पूनः प्रवेश परीक्षाबाट भर्ना भएका विद्यार्थीले पनि पछि आवेदन दिन सक्नेछन् ।

४. कुनै कारणवश पूनः प्रवेश परीक्षाबाट भर्ना भएका मध्येबाट पनि आरक्षित छात्रवृत्ति कोटा खालि रहन गएमा उक्त छात्रवृत्ति कोटा जेहेन्दार छात्रवृत्तिमा समावेश हुनेछ ।

५. स्कूल/क्याम्पस/कलेजहरुले "पू.वि.प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२" को परिच्छेद २ को दफा ११ बमोजिम छात्रवृत्ति अनिवार्य दिनु पर्ने हुँदा सोही अनुसार आ-आफ्ना विद्यार्थीहरुलाई सूचित गर्नु/गराउनु अनुरोध छ ।

६. प्रकाशित नतिजामा भुलवस कुनै त्रुटि हुन गएमा सच्याउने अधिकार यस समितिमा सुरक्षित रहनेछ ।

(प्रा.डा. भोलानाथ शर्मा घिमिरे)
डीन
एवं
संयोजक प्रवेश परीक्षा समिति २०८२

**बोधार्थ**

(१) श्रीमान् उपकुलपतिज्यू, गोठगाउँ, मोरङ्ग ।
(२) श्रीमान् रजिष्ट्रारज्यू, गोठगाउँ, मोरङ्ग ।
(३) श्री पू.वि.परीक्षा व्यवस्थापन कार्यालय, विराटनगर ।


पुष्पलाल चोक, विराटनगर, मोरङ ०२१-४६४०६० pufoe.adm@gmail.com www.pufoe.edu.np

# पूर्वाञ्चल विश्वविद्यालय

इञ्जिनियरिङ्ग संकाय छात्रवृत्ति छनौट समिति २०८२

**आरक्षित छात्रवृत्ति नतिजा (MERIT LIST) -2025**

**EASTERN COLLEGE OF ENGINEERING, BIRATNAGAR**

**PROGRAM: BACHELOR IN CIVIL ENGINEERING**

| S.N. | NAME | ROLL NUMBER | RANK |
|---|---|---|---|
| 1 | Arti Sah | 2531029 | 1 |
| 2 | Ambika Sah | 2530654 | 2 |
| 3 | Tina chaudhary | 2530805 | 3 |
| 4 | Puja Rai | 2531026 | 4 |
| 5 | Sarathi Nembang | 2530125 | 5 |
| 6 | Om Prakash Mandal | 2530772 | 6 |
| 7 | Roshan Kumar Sah | 2530150 | 7 |

# पूर्वाञ्चल विश्वविद्यालय

इन्जिनियरिङ्ग संकाय छात्रवृत्ति छनौट समिति २०८२

आरक्षित छात्रवृत्ति नतिजा (MERIT LIST) -2025

**EASTERN COLLEGE OF ENGINEERING, BIRATNAGAR**

**PROGRAM: BACHELOR IN COMPUTER ENGINEERING**

| S.N. | NAME | ROLL NUMBER | RANK |
|---|---|---|---|
| 1 | Diksha Kumari Sah | 2540516 | 1 |